बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

बी.सं. २७२ च.नं. ५२०८

मितिः २०७८।०३।२०

श्री सवै निर्जीवन बीमकहरू,

ध्यानाकर्षणः **प्रमुख कार्यकारी अधिकृतज्यूहरू,**

बिषयः **बीमाशुल्क रकम बैंक खातामा प्राप्त गरेपश्चात मात्र बीमालेख जारी गर्ने सम्बन्धमा।**

उपरोक्त सम्बन्धमा बीमा ऐन, २०४९ तथा बीमा नियमावली, २०४९ का प्रावधानहरु बारे यहाँलाई अवगत नै होला। यसै बिषयमा यस अघि पनि समितिबाट परिपत्र जारी गरेर कानून कानून विपरितका कामहरू तत्काले रोक्ने सम्बन्धमा अनुरोध गरिएकै हो। बीमा ऐन, २०४९ को दफा २७ मा ***"कुनै पनि बीमकले कुनै पनि किसिमको वीमा व्यवसाय गर्दा लिइने वीमा बापतको शुल्क रकम प्राप्त नभएसम्म वीमा जोखिम स्वीकार गर्नु हुदैन। बीमकले जोखिम ग्रहण गरे बापत वीमा शुल्क रकम प्राप्त गरेपछि मात्र वीमा गरेको मानिनेछ।"*** भन्ने व्यवस्था रहेको समेत यहाँलाई जानकारी नै होला।

अहिले पनि उल्लेखित कानूनद्वारा वर्जित गरिएका उधारो बीमा गर्ने वा चेक मार्फत प्राप्त हुने बीमाशुल्क बापतको रकम बीमकको बैंक खातामा प्राप्त नभैकन बीमालेख जारी गर्ने जस्ता गतिविधिहरू बीमकबाट भइरहेको भन्ने उजुरी र गुनासाहरू प्राप्त भइरहेकोले कानून विपरितका त्यस्ता गतिविधिहरू हुन नदिने जिम्मेवारी बीमकको कार्यकारी प्रमुखको भएको हुँदा यसतर्फ चनाखो हुन र कानूनले निर्धारण गरिदिएको व्यवस्था पालना गर्न र गराउन ध्यानाकर्षण गराउन चाहन्छु।

अतः बीमकले बीमाशुल्क बापतको रकम आफ्नो बैंक खातामा प्राप्त भए पश्चात (बैंक स्टेटमेण्टमा रकम प्राप्त भएको देखिए पश्चात) मात्र बीमालेख जारी गर्न अनुरोध गर्दछु। साथै, यस निर्देशनको वर्खिलाप हुनेगरी बीमालेख जारी गरेमा वा समितिको निरीक्षणको क्रममा उपरोक्तानुसारको गैरकानूनी कार्य गरेको पाइएमा कानून बमोजिम कारवाही भइजाने व्यहोरा जानकारी गराइन्छ।

**(राजु रमण पौडेल)**
कार्यकारी निर्देशक

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोनः ०१-५५२१०७९, ५५३८७४३, फ्याक्सः ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Lalitpur-10, Kupandole, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
Website: www.nib.gov.np, E-mail: info@nib.gov.np